# पनौती नगरपालिका
## Panauti Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

काभ्रेपलाञ्चोक, Kavrepalanchok
बागमती प्रदेश नेपाल ।
Bagamati Province, Nepal


पत्र संख्या.(L.No.): २०७९/०८०

च.नं.(Ref. No.) : ४०९

मिति (Date) : २०७९/०५/०२

सहकारी शाखा

श्री सम्पूर्ण सहकारी संस्था लि.,
पनौती नगरपालिका ।

विषय : अनुगमन प्रतिवेदन सम्बन्धमा ।

यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका विभिन्न प्रकृतिका सहकारी संस्थाहरुको अनुगमन गर्ने क्रममा देखिएका सुधार गर्नुपर्ने न्यूनतम विषय उपर सहकारी ऐन (नगर) २०७५ को दफा ७१ को उपदफा (५) वमोजिम सम्बन्धित संस्थाहरुलाई ध्यानाकर्षण गराईएको छ । आ-आफ्नो संस्थाको अवस्थामा सुधार गरि सुशासित पारदर्शी, मितव्ययी एवं सदस्य मैत्री बनाउन प्रचलित ऐन कानुनको पूर्ण परिचालन गरि सहकारीको मूल्य, मान्यता र आदर्शमा कमि हुन नदिन तत्काल आवश्यक उपयुक्त व्यवस्था गर्न सम्बन्धित सबै सहकारी संस्थाहरुलाई अनुरोध गरिएको छ । यस निर्देशनको पालनामा कठिनाई द्विविधा भएमा सहकारी शाखा संग समन्वय गरि थप स्पष्ट हुन सकिनेछ । साथै सुधार गर्नुपर्ने विषयहरु बुँदागत रुपमा यसै पत्रसाथ संलग्न गरिएको छ ।

२०७९/०५/०२

स्वर्णिम सहकारी रजिष्टार

बोधार्थ :

१. श्री सूचना तथा प्रविधि शाखा, फेसबुक पेज तथा वेबसाइटमा अपलोड गरिदिनुहुन ।

२०७९/०५/०२

## सहकारी संस्था अनुगमन २०७९ को सारांश

अनुगमन गरिएका सहकारी संस्थाहरु

| क्र.स. | सहकारी संस्थाको प्रकृति | संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण | १९ |
| २ | बहुउद्देश्यीय | ६ |
| ३ | कृषि तथा साना किसान | ९ |
| ४ | नारी चेतना तथा महिला | ६ |
| ५ | श्रमिक सहकारी | १ |
| ६ | सेवाकेन्द्र | ४ |

१. सहकारी ऐन नियममा व्यबस्था भए बमोजिम कर्जा र निक्षेप् बिचको ब्याजदर अन्तर सबै सहकारी सँस्थाहरूले कायम नगरेको,

२. केहि सहकारी संस्थाहरुको नागरिक बडापत्र भए पनि अधिकांश सहकारी संस्थाहरुले नागरिक बडापत्रको व्यबस्था नगरेको, केहि सहकारी संस्थाहरुको त संस्थाको बोर्ड समेत नभएको,

३. २० प्रतिशत सहकारी संस्थाहरु गरिबी निवारण तथा सहकारी ब्यबस्थापन सूचना प्रणाली मा आबद्ध भए पनि नियमित विवरण अध्यावधिक नगरेको,

४. केहि सहकारी संस्थाहरुले नियामक निकायमा नियमित रुपमा पेश गर्नुपर्ने मासिक, बार्षिक प्रतिबेदन, लेखापरीक्षण प्रतिबेदन पेश गरे पनि सम्पूर्ण सहकारी संस्थाले पेश नगरेको,

५. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुले कम्प्युटकृत सफ्टवेयर प्रणाली लागु गरे पनि सबै सहकारी संस्थाहरु कम्प्युटकृत सफ्टवेयर प्रणालीमा आबद्ध नभएको,

६. सबै सहकारी संस्थाहरुले सहकारी ऐन तथा नियमावलीले व्यवस्था गर्न भने बमोजिमका कोषहरू खडा नगरेको,

७. बित्तिय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन नगरेको,

८. दुग्ध सहकारी संस्थाहरु निस्क्रिय अबस्थामा रहेको,

९. श्रम ऐनले निर्धारण गरे बमोजिमको न्युनतम पारिश्रमिक भन्दा पनि न्युन पारिश्रमिकमा कर्मचारीबाट सेवा लिने गरेको,

१०. ऋण लगानी गर्दा ऋण असुलीको सुनिश्चीतता तर्फ ध्यान नदिएको,

११. उजुरी पेटिका, गुनासो सुन्ने अधिकारिको ब्यबस्था नगरिएको, १२. कतिपय संस्थाले विभागीय परिपत्र, आदेश, निर्देशनलाई संचालक समितिको छलफलको विषय नबनाएको,

१३. सबै संस्थाले लेखा लेखा सुपरिवेक्षण समितिको निर्णय/प्रतिवेदनलाई संचालक समितिको एजेण्डा बनाउने नगरेको,

१४. सबै संस्थाहरु संग सेवा प्रवाहको नियमित तालिका नभएको,

१५. केहि संस्थाहरु मूल उद्देश्य भन्दा पृथक सहायक उद्देश्यमा केन्द्रित भएको,

१६. केहि संस्थाको आवधिक निर्वाचन, वार्षिक साधारण सभा, वार्षिक लेखा परिक्षण जस्ता कार्य नियमित नभएको,

१७. सहकारी ऐन (नगर) २०७५ को दफा ९ को उपदफा (३) वमोजिम कतिपय संस्थाको व्यावसायिक सेवा संचालन नभएको,

१८. कतिपय संस्थाले ऐनको (नगर), दफा ५२ को उपदफा (१) वमोजिमका विवरणहरु सहितको प्रतिवेदन आ.व. समाप्त भएको ३ महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेमा सो नगरेको ।

नगरकार्यपालिकाको कार्यालय, बागमती प्रदेश, नेपाल

स्थानीय सहकारी रजिष्ट्रार